नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

फोन : ४४९१५६१, ४४६३६८६, ४४६३०५६, ४२००८९५
फ्याक्स : ४२०००१४
सिंहदरबार, काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०८०/०८१
चलानी नं. ३३९

मिति २०८२/०३/३०
ने.सं. ११४५

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्वन्धमा।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि ऐ. भाद्र मसान्त सम्म दुई महिना) सम्वन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ ।सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहायः

क. राष्ट्रिय परिचयपत्र वा परिचय नम्वर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाईस मार्फत Verification गरी सम्वन्धित वडा कार्यालयवाट नवीकरण गरिदिने ।यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) वाट Verification गरी नवीकरण तथा सूचीकरण गरिदिने ।

ख. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलव्ध गराएको तर कुनै पनि माध्यमवाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।

ग. बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नव्वे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।

घ. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ वमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही वमोजिम गरिदिने ।

ङ. आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्यको वुँदा नं ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही वमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने । हाल प्राप्त गरीरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही वमोजिम नवीकरण गरिदिने ।

(सानुबाबु अधिकारी)
निर्देशक

Scanned with CamScanner